आज मिति २०८१।०९।२८ गते आईतबारका दिन यस नौकुण्ड गाउँ कार्यपालिकाको कार्यालय सरमथली रसुवाको गाउँपालिकाका अध्यक्ष श्री नुर्वु स्याङबो घलेज्यूको अध्यक्षतामा ३८औं कार्यपालिकाको बैठक तपसिलका सदस्यहरूको उपस्थितमा तपसिल बमोजिमका निर्णयहरु सर्वसम्मत निर्णय गरियो।

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | नुर्वु स्याङबो घले | अध्यक्ष | |
| २ | चन्द्र बहादुर ग्लान | उपाध्यक्ष | |
| ३ | कान्छा तामाङ | वडा अध्यक्ष - १ | |
| ४ | डावु ग्याल्बो थोक्रा | वडा अध्यक्ष – २ | |
| ५ | नोकेन्द्र देव तामाङ मोक्तान | वडा अध्यक्ष – ३ | |
| ६ | ज्ञानी वाईवा | वडा अध्यक्ष – ४ | |
| ७ | श्याम बहादुर थिङ | वडा अध्यक्ष – ५ | |
| ८ | यो नुर्पु तामाङ | वडा अध्यक्ष – ६ | |
| ९ | सानु कान्छी सुनार | कार्यपालिका सदस्य | |
| १० | कालि माया तामाङनि | कार्यपालिका सदस्य | |
| ११ | जोमसाङ तामाङनी | कार्यपालिका सदस्य | |
| १२ | अनिता घले | कार्यपालिका सदस्य | |
| १३ | गणेशमान घले | कार्यपालिका सदस्य | |
| १४ | सुमिना नेपाली | कार्यपालिका सदस्य | |
| १५ | नविन गिरी | सचिव | |

CS CamScanner

निर्णयहरू

निर्णय नं १

मिति २०७८।०५।०२ गते राती परेको अविरल वर्षाका कारण रसुवा जिल्ला नौकुण्ड गाउँपालिका वडा नं ५ स्थित कोलडाडा बस्ने श्री बुद्धिमान तामाङ(ना.प्र.प.नं. ६२४४।२७५९,रसुवा) को घर पहिरोले पुरिदा उक्त घरमा रहेका बुद्धिमान तामाङ सख्त घाईते भएको र निजको श्रीमती कमला ग्लान, जेठी छोरी सोफिया, कान्छी छोरी सुकुमायाँ ग्लान र कान्छा छोरा आशिष ग्लान पहिरोले पुरी मृत्यु भएको र उक्त घर पूर्ण रुपमा क्षती भएकोले मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०७७ - संशोधन २०७८।१०।१४ को दफा ३ बमोजिम लाभग्राही पहिचान भई लाभग्राही कायम भएको र त्यसै कार्यविधिको दफा ५(२) बमोजिम यस नौकुण्ड गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय रसुवाले व्यहोर्ने दश प्रतिशत रकम रुपैयाँ पचास हजार मात्र विनियोजन गरेको तपसिल शीर्षकको रकम त्यसै कार्यविधिको दफा ५(३) बमोजिम कोष तथा लेखा नियन्त्रकको कार्यालय, धुन्चे रसुवाको विविध कोष खातामा पठाउने निर्णय गरियो।

तपसिल

| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शीर्षक | श्रोत | विनियोजन | कैफियत |
|---|---|---|---|---|---|
| १ | मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान | २२५२२ | आन्तरिक श्रोत | रु.पचास हजार मात्र | |

निर्णय नं २

नौकुण्ड गाउँपालिका भित्र पशु सेवा शाखा तथा वडा कार्यालयमा कार्यरत पशु सेवा शाखा कर्मचारी तथा आर्थिक विकास समिति पदाधिकारी मासिक रुपमा बैठक बसी कार्य सम्पादनमा सहयोग पुऱ्याउने हेतुले बैठकमा समावेश कर्मचारी तथा पदाधिकारीलाई प्रति बैठक खाजा खर्च दुई सय रुपैया मात्र र बैठक भत्ता एक हजार रुपैयामा करकट्टि गरी उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं ३

नौकुण्ड गाउँपालिकाको आ.व. २०८१।०८२ को वार्षिक स्वीकृत कार्यक्रम ५०% अनुदानमा उन्नत जातको राँगो साँढे वितरण कार्यक्रम अन्तर्गत मिति २०८१।०७।२६ मा प्रकाशित सूचना बमोजिम नौकुण्ड गाउँपालिका वडा नं २ स्थित ब्रोलाप कृषक समूह र नौकुण्ड गाउँपालिका वडा नं ५ स्थित खाल्चेत कृषक समूहको आवेदन परेको हुदाँ उक्त कृषक समूहलाई विनियोजित बजेटको अधिनमा रहि कार्यक्रममा समावेश गराउने निर्णय गरियो।

निर्णय नं ४

नमुना वडा समाजवादि कार्यक्रम कार्यक्रम कार्यन्वयन कार्यविधि २०८० को दफ ११ को अनुगमन तथा मुल्याङकन अन्तर्गत उपदफा २ बमोजिम स्थानिय तवरमा सम्बन्धित स्थानिय तहले स्थानिय स्तरमा स्थानिय तहको प्रमुखको संयोजकत्वमा विषय क्षेत्रगत कार्यलय प्रमुख र नागरिक समाजको प्रतिनिधि सहित एक नमुना वडा समजवादी कार्यक्रम अनुगमन तथा मुल्याङकन विशेष समिति निर्माण गर्ने.प्रावधान भए बमोजिम तपशिलमा उल्लेख गरिए बमोजिमको नमुना वडा समजवादी कार्यक्रम अनुगमन तथा मुल्याङकन विशेष समिति गठन गर्ने निर्णय गरियो ।

तपशिल

| क्र.सं. | पद | नाम, थर | समितिको पद |
|---|---|---|---|
| १ | गाउँपालिका अध्यक्ष | नुर्बु स्याङवो घले | संयोजक |
| २ | विषय क्षेत्रगत(कृषि विकास) शाखा प्रमुख | केशब प्रसाद बजगाई | सदस्य |
| ३ | नागरिक समाज प्रतिनिधि | | सदस्य |

निर्णय नं ५

आ.व. २०८१।०८२ को स्वीकृत बजेट शीर्षक 'आयुर्वेद कार्यालय सहयोगी तलब अनुदान नौकुण्ड-३' मा रु. तीन लाख विनियोजन भएको र नौकुण्ड ३ मा रहेको बागमती प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय अन्तर्गत वैकल्पिक चिकित्सालय,

CamScanner